# “शिक्षा, स्वास्थ्य, रोजगार र पर्यटन सहितको पूर्वाधार प्रकृति र मगर संस्कृती निस्दीको आधार”

श्रद्धेय अध्यक्ष ज्यु, वडा अध्यक्ष ज्यूहरु, कार्यपालीकाका सदस्य ज्युहरु, सदस्य ज्युहरु, कार्यकारी अधिकृत ज्यु, सम्पूर्ण कर्मचारी ज्यूहरु, लगायत सम्पुर्ण उपस्थीत महानुभावहरुलाई  निस्दी गाउँपालिकाको दोस्रो गाउँ सभामा आ.व ०७५।०७६ को लागि बजेट निति तथा कार्यक्रम प्रस्तुत समाहरोहमा गाउँपालिकाको उपाध्यक्षको तर्फ बाट हार्दिक स्वागत गर्न चाहान्छु । साथै नेपालको संविधान २०७२ तथा स्थानीय शासन ऐन २०७४ मा गाउँपालिका उपाध्यक्षले नीति, कार्यक्रम तथा वजेट प्रस्तुत गर्ने व्यवस्था भए अनुसार मलाई यो अवसर प्राप्त भएकोमा म आफुलाई असाध्यै भाग्यमानी ठानेको छु ।

श्रद्धेय अध्यक्ष एवमं सदस्य ज्युहरु,

१. पाल्पा जिल्लाको दशवटा स्थानीय तहहरु मध्ये सुदुर पूर्वमा रहेको यस गाउंपालिका जिल्ला सदरमुकाम देखि करिव ७५ किलोमिटर टाढा प्राकृतिक स्रोत सम्पदाले भरिपूर्ण भएर वसेको छ । नेपालको संविधान २०७२ को संघिय संरचना अनुसार साविकको वाकामलाङ, सहलकोट, झिरुवास, मित्याल, गल्धा, अर्चले र ज्यामिरे गा.वि.स मिलेर यस निस्दी गाउंपालिका बनेको हो ।

२०६८ को जनगणना अनुसार यस गाउँपालिकाको जनसंख्या २२,६११ रहेको छ । पूर्वमा नवलपरासी जिल्ला, पश्चिममा पूर्वखोला र माथागढी गाउँपालिका उत्तरमा रामपुर नगरपालिका र पूर्वखोला गाउँपालिका तथा दक्षिणमा नवलपरासी जिल्ला रहेको छ । भौगोलिक, प्राकृतिक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका दृष्टिले अत्यन्त प्रवल सम्भावना भएको गाउँपालिका भएर पनि विकासको लागि हाम्रा सामु धेरै चुनौतीहरु रहेका छन ।

विकासको क्रममा पछाडी परेका वर्ग तथा समुदायलाई विकासको मूल प्रवाहमा ल्याउने, उत्पादनशील क्षेत्रमा लगानी अभिबृद्धि गरी आर्थिक गतिविधिहरुको माध्यम द्वारा रोजगारीको अवसर श्रृजना गर्ने, कृषि क्षेत्रको व्यवसायिकिकरण र आधुनिकिकरण गर्ने, सुशासन प्रर्वद्धन गरी सेवा प्रवाहमा प्रभावकारीता कायम गर्ने, पर्यटन विकासबाट प्राप्त लाभ लिई सवै क्षेत्रसम्म पुर्‍याउने, वन जंगलको संरक्षण गर्दै वातावरणीय सन्तुलनलाई कायम राख्ने, भौतिक पूर्वाधारको विकासमा लगानी वृद्धि गर्ने तथा सामाजिक विकासलाई संस्थागत गरी अपेक्षित विकासको प्रतिफल हासिल गर्ने एवं आन्तरिक आयको दायरालाई फराकिलो बनाउने र आन्तरिक ब्यवस्थापनलाई सुशासनमैत्री बनाई संस्थागत सुदृढिकरण गर्ने तथा नेपालको संविधानको अनुसुची ८ मा व्यवस्था भए वमोजिमका कानुन निर्माण तथा कार्यान्वयन गरि आत्मनिर्भर उन्मुख हुनुपर्ने समग्र चुनौतीहरु हाम्रो सामु विद्यमान रहेका छन् ।

त्यसैगरी, थुप्रै चुनौती हुंदाहुंदै पनि हामी संग प्रशस्त संभावनाहरु पनि रहेका छन् । प्राकृतिक श्रोत र साधनले भरीपुर्ण, दालचिनी, अम्लिसो,अदुवा, अलौची, उंखु, दलहन आदीको उत्पादन, चुनढुंगाको खानी, मगर कला र संस्कृती, अन्तराष्ट्रिय पुरस्कार जित्न सफल काउले कवुलियती वन तथा अन्य वन, श्रममा रमाउने परिश्रमी र श्रमजिवी जनता, सडक संजाल विस्तार गरी प्रदेश नं ४ र ५ जोड्ने छोटो वाटो, जलविद्युतको संभावना भएको निस्दी र आरुङखोला, समग्र विकास निर्माणको लागि निस्दी गाउंपालिकावाट पारित भएका ऐन कानुन र उक्त ऐन कानुन अनुसार सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिने चुस्त कर्मचारी संयन्त्र र अभिभावको भूमिका निर्वाह गर्ने निर्वाचित जनप्रतिनिधीहरु हाम्रो विकासको संभावना हुन । यिनै सम्पूर्ण संभावनालाई आत्मसात गर्दै निस्दी गाउंपालिकाको विकास निर्माणमा सवैको साथ र सहयोग अपरिहार्य रहेकोछ ।

कुशल नेतृत्व अति नै आवश्यक भए वमोजिम नेपालको संविधान २०७२ ले स्थानिय सरकारको परिकल्पना गरे अनुसार २०७४ आषाढ १४ गते स्थानीय तहको निर्वाचन सम्पन्न भए पश्चात जनताको जनमतले हामी निर्वाचित भई यस निस्दी गाउँपालिकाको नेतृत्व समालेका छौं ।

करिव १ वर्षको यस कार्यकाल सम्म आइपुग्दा हामिलाई गाउँपालिकाको विकास निर्माणमा सहयोग गर्ने राजनीतिक दल, कर्मचारी प्रशासन, नागरिक समाज, निजि क्षेत्र, गै.स.स. तथा आम जनसमुदायको रचनात्मक एवं सिर्जनात्मक सहयोगका लागि म सवै प्रति हार्दिक कृतज्ञता प्रकट गर्र्दै आगामी दिनमा समेत हामी जनप्रतिनिधीलाई यस्तै निरन्तर सहयोगको अपेक्षा गर्दछु । साथै नेपाल सरकारको “सम्वृद्ध नेपाल, सुखी नेपाली” भन्ने नारालाई आत्मसात गर्दै निस्दीगाउंपालिका भित्रका नागरिकहरुलाई सम्वृद्ध र सुखी वनाउन हामी जननिर्वाचित सम्पूर्ण प्रतिनिधीहरु फुटेर होइन जुटेर, वहुमतिय हैन सहमतिय अभ्यासवाट विकास निर्माणमा एकजुट भई अगाडि बढ्ने प्रण गरौं ।

श्रद्धेय अध्यक्ष एवमं सदस्य ज्युहरु,

अव म निस्दी गाउँपालिकाको आ.व. २०७५÷०७६ को प्रस्तावित नीति, कार्यक्रम र बजेटको प्रस्तुतिका लागि अनुमति माग्दछु ।

३. आ.ब. ०७५।०७६ को प्रस्तावित आय-ब्यय अनुमानः

यस आ.ब. ०७५।०७६ मा आम्दानी तर्फ आन्तरिक राजश्ववाट प्राप्तहुने रकम रु २० लाख ७० हजार, संघीय विभाज्य कोषवाट प्राप्त हुने राजश्व वांडफांडको रकम रु ६ करोड ६४ लाख ८२ हजार, प्रदेश विभाज्य कोषवाट प्राप्तहुने राजश्व वांडफांडको रकम रु ५३ लाख ८५ हजार, अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत नेपाल सरकारवाट प्राप्त रु २४ करोड ८ लाख, अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तर्गत प्रदेश सरकारवाट प्राप्त रु १ करोड ३६ लाख ८३ हजार, सामाजिक सुरक्षा ३ करोड १७ लाख ७७ हजार ६ सय ८०, जनसहभागिता

अन्तर्गत रु ५० लाख र गतवर्षको मौज्दात रु ८८ लाख ५० हजार गरी कुल जम्मा रु ३७ करोड ४० लाख ४७ हजार ६ सय ८० आम्दानी हुने अनुमान गरिएकोछ ।

त्यसैगरी व्यय तर्फ चालु खर्च रु ४ करोड,७६ लाख २५ हजार, पुंजीगत खर्च रु १२ करोड ७८ लाख ४५ हजार, शसर्त अनुदान रु १६ करोड ६८ लाख र सामाजिक सुरक्षा ३ करोड १७ लाख ७७ हजार ६ सय ८० गरी जम्मा रु ३७ करोड ४० लाख ४७ हजार ६ सय ८० नै खर्च हुने अनुमान गरिएको छ ।

श्रद्धेय अध्यक्ष एवमं सदस्य ज्युहरु,

५. अव म गाउँपालिकाको एकिकृत विकासका लागि आगामी आर्थिक वर्ष २०७५÷०७६ को वजेटका दिर्घकालिन सोच, प्राथमिकताका क्षेत्रहरु, योजना तर्जुमाका आधारहरु तथा आगामी आ.व.को समग्र नीति तथा कार्यक्रमहरु प्रस्तुतिका लागि अनुमति चाहान्छु ।

गाउँपालिकाको दीर्घकालिन सोच

“आर्थिक विकास, सामाजिक सम्वृद्धि र भौतिक पूर्वाधार, निस्दीको विकासको आधार”

आगामि आ.व. २०७५।०७६ को लागि तय भएका प्राथमिकताका क्षेत्रहरुः-

- ❖ कृषि, पशु, वन, वातावरण र पर्यटन विकासको माध्यम द्धारा आर्थिक विकासमा जोड दिने ।
- ❖ पुर्वाधार विकासलाई जोडदिदै निस्दी गाउंपालिका वडा नं १ देखि वडा नं ७ ज्यामिरे सम्मको मोटरवाटोलाई स्तरिययुक्त मोटरवाटो को रुपमा विकास गर्दै वाह्रै महिना सवारी साधन चल्न सक्ने वनाउने ।
- ❖ मानवीय विकास (शिक्षा, स्वास्थ्य र सरसफाई ) मा जोड दिने ।
- ❖ गरिवी निवारण, पूर्ण सरसफाई तथा लैगिंक तथा समावेशी विकासका लागि सामाजिक परिचालनमा जोड दिइनेछ ।
- ❖ मगर भाषा, साहित्य,कला संस्कृतिको संरक्षण र प्रवद्र्धनको लागि मगर सास्कृतिक संग्राहालयको स्थापना ।

योजना तर्जुमाका आधारहरु

- नेपालको संविधान २०७२, संघिय प्रदेशको नीति तथा कार्यक्रम, स्थानीय शासन संचालन ऐन २०७४, नेपाल सरकारको आ.व ०७५ ।०७६ को वजेट नीति र कार्यक्रम
- नेपाल सरकारबाट प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शन ।
- प्रदेश सरकारवाट प्राप्त वजेट सिलिङ तथा मार्गदर्शन ।
- वडा समितिबाट प्राथमिकतासाथ सिफारिस गरेका योजनाहरु ।
- स्थानीय नागरिकका आवश्यकता तथा जनसहभागिता जुट्ने गरी प्राप्त भएका योजनाहरु ।

६ श्रद्धेय अध्यक्ष एवंम सदस्य ज्युहरु,

आ.ब. ०७५।०७६ का लागि निस्दी गाउँपालिकाको समग्र विकास नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न चाहन्छु ।

१. आर्थिक विकास

क) कृषि तथा पशु विकास नीति

- "एक वडा एक उत्पादनको कार्यक्रममा" जोड दिइनेछ । सोही अनुसार वडा नं १ उंखु, वडा नं २ मा वेमोषमी तरकारी खेती, वडा न. ३ मा अलैची खेती, वडा नं ४ मा तेजपात र सूर्यमुखी खेती, वडा नं ५ मा सुन्तला खेती, वडा नं ६ मा कागती र वडा न. ७ मा कफि खेती र तेजपातको विस्तार गरिनेछ ।
- निस्दी गाउंपालिका भित्र उत्पादन हुने सुन्तला, तेजपात, अम्रिसो, कुरिलो , लोकल कुखुरा , मौरी मह, बंगुर पालन, कोदो खेती, मकै खेती, दलहन र अदुवा खेतीलाई प्रवद्र्धन गर्दै सो को बजारिकरणको व्यवस्था गरिनेछ ।
- युवाहरुलाई स्वरोजगार गराई आय आर्जन तर्फ उन्मुख गराउन युवा लक्षित कृषि कार्यक्रमहरु संचालन गरिनेछ ।
- कृषि प्रसार सेवालाई प्रभावकारी बनाउन कृषि सेवा केन्द्र र सम्पर्क केन्द्रहरुलाई सुदृढिकरण र व्यवस्थित गरि प्रत्येक वडामा कृषि तथा पशु प्राविधिक कर्मचारीहरुको व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- उत्कृष्ट कृषक तथा कृषक समुहलाई प्रोत्साहन तथा सम्मान स्वरुप पुरस्कृत गरिनेछ ।
- कृषि तथा पशु व्यवसायीहरुलाई प्रोत्साहन गर्ने पशु तथा कृषि विमा कार्यक्रम वारे जनचेतना जगाई लागु गरिनेछ ।
- कृषिमा व्यवसायिकरण, यान्त्रीकरण, उत्पादित बस्तुको वजारिकरण र सामाजिक सम्मानको बाताबरण सृजना गरिने छ ।
- "एक घर १० फलफुलका वोट" अभियान संचालन गर्नको लागि फलफुलका विरुवामा अनुदानको व्यवस्था गरिनेछ ।

- व्यवसायिक रुपमा स्थानीय जातका कुखुरा तथा बाख्रा पालन गर्ने कृषकहरुलाई पेशामा आकर्षण गर्नको लागि अनुदानको व्यवस्था गरिनेछ ।
- पशु पालनलाई व्यवस्थित गर्नको लागि भकारो सुधार, खोर सुधार तथा नश्ल सुधार कार्यक्रम प्रत्येक वडामा क्रमश लागु गरिनेछ ।
- पशुहरुमा नश्ल सुधारको लागि उन्नतजातका वोका तथा रांगाको व्यवस्था गरिनेछ । यसवाट पशु उत्पादन संगै आयस्तरमा थप वृद्धि हुनेछ ।
- मासु, अण्डा र दुधमा आत्म निर्भर गाउंपालिका बनाउन मुख्य ध्यान केन्द्रित गर्दै सोही अनुसारका कार्यक्रम संचालन गरिनेछ ।
- मासुमा आत्म निर्भर हुनको लागि व्यवसायिक बाख्रा पकेट क्षेत्रको अवधारणामा वाख्रा पकेट कायक्रमलाई निरन्तरता दिइने छ ।
- पशु खरिद विक्रीको लागि वजारीकरणमा ध्यान दिदै खसि वोका संकलन केन्द्र निर्माणलाई अगाडी वढाइनेछ ।
- कृषि तथा पशु कार्यक्रम सम्बन्धी विभिन्न अभिमुखिकरण कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- वडा नं ३ झिरुवासलाई बाख्रा पकेट क्षेत्रको रुपमा विकास गर्न तथा उन्नत वोयर जातको बाख्राको श्रोत केन्द्र गराउनको लागि विभिन्न निकायहरु संग आवश्यक समन्वय गरिनेछ ।
- निस्दी गाउंपालिका अदुवा उत्पादनको लागि प्रख्यात भएको हुंदा वडा नं ५ गल्धामा अदुवा प्रशोधन उद्योग स्थापना र संचालन गर्नको लागि पहल गरिनेछ ।
- यस गाउंपालिकामा उत्पादन हुने सिमी, वोडी र कन्दमुल (तरुल र सकरखण्ड) को उत्पादन वृद्धि र वजार प्रवद्र्धनको लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना संग सहयोगको लागि अनुरोध गरिनेछ ।

ख) सहकारी तथा गरिवी निवारणः

- सहकारी डिभिजन कार्यालय पाल्पावाट हस्तान्तरण भई आएका सहकारीहरुको वृस्तृत रुपमा अध्ययन गरिनेछ ।
- सहकारीको महत्व तथा अवधारणालाई वडा वडा सम्म पु-याइनेछ ।
- सहकारी शिक्षा तथा सहकारी लेखा व्यवस्थापन सम्वन्धि तालिम कार्यक्रम संचालन गरी भइरहेका सहकारीहरुको क्षमता विकासमा जोड दिइनेछ ।
- "वडा वडामा सहकारी, सहकारी मार्फत तरकारी" लाई प्राथमिकताका लागु गर्दै सहकारी सदस्यहरुलाई तरकारी खेती मार्फत स्वरोजगार र आत्मनिर्भर हुन प्रेरित गरिनेछ ।
- उत्कृष्ट रुपमा काम गरेका सहकारी तथा समूहहरुको पहिचान गरी पुरस्कृत गरिनेछ ।
- गाउंपालिकामा रहेका विपन्न घरधुरी पहिचानको लागि विपन्नताको प्रोफाइल तयार गरिनेछ ।

- विपन्न परिवारको जिवीकोपार्जनमा सुधार ल्याउनको लागि सिप तथा क्षमता विकास, आय आर्जन, साना प्रविधी हस्तान्तरण र साना पूर्वाधार विकास जस्ता कार्यक्रमहरु कार्यान्वयन हुनेगरी सामाजिक परिचालकहरुको माध्यम द्धारा गरिवी निवारण तथा सामाजिक परिचालन कार्यक्रम संचालन गरिनेछ । यस कार्यक्रमको माध्यम द्धारा निस्दी गाउंपालिका क्षेत्रका विपन्न परिवारको जिवनस्तरमा सुधार भई गरिवी निवारणमा सहयोग पुग्नेछ । यस खालको कार्यक्रम संचालन गर्नको लागि आवश्यकताको आधारमा गैर सरकारी संस्थाहरुलाई परिचालन गरिनेछ ।
- साविकमा निस्दी गाउंपाकिलाकाका विभिन्न वडाहरुमा विभिन्न निकाय द्धारा गरिवी निवारणको जिविकोपार्जन सुधार कार्यक्रम मार्फत उपलव्ध गराएको रकम तथा गाउंविकास कार्यक्रम तर्फको रकमलाई व्यवस्थित गरी परिचालित गरिनेछ ।
- साविकमा गरिवी निवारणको लागि संचालनमा रहेको गाउं विकास कार्यक्रमलाई परिमार्जनका साथ संचालनमा ल्याइनेछ ।
- गाउंपालिकाको वडा नं ६ मा नमूनाको रुपमा गाउंपालिका स्तरिय ग्रामिण विकास कार्यक्रम संचालन गरिनेछ ।
- प्रदेश सरकार संगको समन्वयमा मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।

ग) घरेलु तथा साना उद्योग तर्फको नीतिः

- लोप हुन लागेका स्थानीय सिपहरुको खोजीगरी संरक्षण तथा प्रवद्र्धनको लागि सिप विकासका तालिमहरु संचालन गरिने छ ।
- पूर्वी पाल्पाको लोपोन्मुख अवस्थामा रहेको घरवुनालाई पुन प्रवद्र्धन गरी सिप हस्तान्तरण गराइने छ ।
- स्थानीय स्तरमा रहेका कुटिर उद्योग, घरेलु उद्योगहरुको संरक्षण तथा प्रवद्र्धनमा जोड दिने तथा स्थानीय उद्यमीहरु तयार गरी लघु उद्यमलाई प्रवद्र्धन गरिनेछ ।
- नयां नयां व्यवसायका क्षेत्रहरुको पहिचानको लागि उद्यमशिलता सम्वन्धि तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

घ) पर्यटन नीतिः

- गाउंपालिका भित्रका धार्मिक तथा पर्यटकिय स्थलहरुको पहिचान गरी आन्तरिक पर्यटन प्रवद्र्धनको लागि पर्यटन गुरुयोजना तयार गरिनेछ ।

- पर्यटकिय क्षेत्रको पहिचान गरी पर्यटन प्रर्वद्धन सम्वन्धी क्रियाकलापहरु संचालन गरिने छ । साथै पर्यटकिय क्षेत्रको पुर्वाधार निर्माणमा जोड दिईनेछ ।
- मगर कला र संकृतिको धनी निस्दी गाउंपालिका क्षेत्रमा रहेका परम्परागत कुडुले घरहरुको संरक्षण गर्ने नीति लिइनेछ ।
- वडा नं ३ झिरुवासको काउलेडाँडा, वडा नं २ सहलकोट जुरेको घंघी गुफा, वडा नं ५ गल्धाको नामसुर्गा, वडा नं ६ अर्चलेको लेकडाँडालाई पर्यटकिय स्थल बनाउनका लागि संभाव्यता अध्ययन गरिनेछ ।
- आन्तरिक तथा वाह्य पर्यटकहरुलाई आकर्षित गर्नको लागि निस्दी गाउंपालिकाको वडा नं १ देखि वडा नं ७ सम्म संभाव्यताको आधारमा ट्रेकिङ्ग रुटको विकास गरीनेछ ।
- "पर्यटक हाम्रा पाहुना, घर घरमै स्वागत गर्ने हाम्रो चाहाना" लाई ध्यान दिदै निस्दी गाउंपालिकामा आन्तरिक पर्यटकहरु भित्राइ पर्यटन प्रवद्र्धन गर्न संभावित  मगर वस्तिहरुको खोजिगरी मगर होम स्टे संचालन गरिनेछ ।
- ठूलो नाच, मारुनी नाच, घाटु नाच, कडुवा नाच, झाउरे नाच, भजन चुड्का ,वालन आदिको संरक्षण गरिनेछ ।
- मगर कला संस्कृतीको संरक्षण गर्नको लागि वार्षिक रुपमा गाउंपालिका स्तरिय कार्यक्रमहरु संचालन गरी उत्कृष्ट कला प्रस्तुत गर्ने वडा तथा समूहलाई पुरस्कृत गरिनेछ ।
- निस्दी गाउंपालिकामा मगर समुदायको वाहुलयता भएको हुंदा मगर समुदायको उच्च सम्मान गर्दै मगर भाषा, धर्म, कला,संस्कृती र परंम्पाराको संरक्षण र संम्वद्र्धन गरिनेछ ।
- "कला संस्कृतीको भण्डार, पर्यटन विकास निस्दीको आधार"लाई ध्यान दिदै निस्दी गाउंपालिकाको धरोहरको रुपमा रहेको मगर कला तथा संस्कृती झल्कने गरी कुडुले घर सहितको मगर सांस्कृतीक संग्राहालय स्थापना गरिनेछ ।

२. सामाजिक विकास नीति

क) शिक्षा तथा खेलकुद सम्वन्धी

- निस्दी गाउँपालिकामा एक प्राविधिक शिक्षालय स्थापना गर्न केन्द्र सरकार तथा विभिन्न निकाय संग आवश्यक सहयोग तथा समन्वय गरिनेछ ।
- निस्दी गाउंपालिका भित्रका कुनै पनि माध्यमिक विद्यालयहरुमा प्राविधिक शिक्षा (कृषि, भेटेनरी, ओभरसियर आदी)  संचालनको लागि विभिन्न निकाय संग आवश्यक सहयोग र समन्वय गरी प्राविधिक कक्षा संचालनमा जोड दिइनेछ ।
- शैक्षिक क्षेत्र सुधारको लागि निस्दी गाउं शिक्षा ऐन तयार गरी लागु गरिनेछ ।
- गाउँ शिक्षा समितिको प्रभावकारी भूमिकाको लागि तालिम तथा गोष्ठीको आयोजना गरि क्षमता विकास गरिनेछ ।

- आवश्यकता र औचित्यताको आधारमा पूर्व वाल विकास केन्द्रहरु संचालनमा ल्याइनेछ र भइरहेका केन्द्रहरुलाई निरन्तरता दिइनेछ ।
- पूर्व वालविकास केन्द्रको लागि आवश्यक पर्ने पूर्वाधार निर्माणको लागि आवश्यक सहयोग पु-याइनेछ ।
- पूर्व वाल विकास केन्द्रको सुधार तथा व्यवस्थापनको लागि आवश्यक पर्ने तालिमको व्यवस्था गरिनेछ ।
- वाल विकास तथा वाल सहभागिताको सुनिश्चितताका लागि विद्यालयमा वाल क्लव गठन र परिचालन गर्न सम्वन्धित विद्यालयसंग सहकार्य गरिने छ । जसवाट बालबालिकाहरुको शिक्षामा पहुँच वढ्नुका साथै पढाईमा निरन्तरता हुने अपेक्षा गरिएकोछ ।
- निस्दी गाउंपालिका क्षेत्र भित्रका महिला, दलित तथा जनजाती विद्यार्थीहरुलाई निजामती सेवाको खरिदार, नासु वा अधिकृत पदमा स्थाई नियुक्ति भएमा प्रोत्साहन तथा सम्मान स्वरुप पुरस्कृत गरिनेछ ।
- विद्यालयहरुमा अतिरिक्त कक्षाहरु संचालन, खेलकुंदका सामाग्रीहरुको प्रयाप्तता, शैक्षिक भ्रमण जस्ता अतिरिक्त कृयाकलापहरु संचालन गरी विद्यार्थीहरुलाई पढाइ प्रति लगनशिल हुन प्रेरित गरिनेछ ।
- विद्यालयमा अध्यापन गर्ने शिक्षक शिक्षिकाहरुलाई समयानुकुल तथा विषयानुकुल तालिम कार्यक्रमहरु संचालन गरी शैक्षिक सुधारको लागि प्रेरित गरिनेछ ।
- राम्रो नतिजा ल्याउने विद्यालय, उत्कृष्ट शिक्षक र शिक्षिकाकाहरुलाई पुरस्कारको व्यवस्था गरिनेछ ।
- विद्यालय व्यवस्थापन समितिको क्षमता विकासको लागि तालिमको व्यवस्था गरिनेछ ।
- विद्यालयको भौतिक सुधारको लागि विभिन्न निकायसंग सहयोगको लागि आवश्यक समन्वय गरिनेछ ।
- विद्यार्थीहरुलाई अध्ययनमा सहयोग पु-याउनको लागि विद्यालयको पुस्तकालयहरुलाई अझै व्यवस्थित गरिनेछ ।
- विद्यालयहरुमा शैक्षिक सुधारको लागि  अग्रेंजी तथा नेपाली माध्यमलाई अनिर्वाय गर्दै लगिने छ ।
- निस्दी गाउंपालिका स्थित विद्यालयका प्र.अ हरुलाई अध्ययन तथा अवलोकन  भ्रमण कार्यक्रम आयोजना गराइनेछ ।
- विद्यार्थीहरुलाई सानै देखि प्रतिभावान र क्षमतावान वनाउनको लागि कम्प्युटर शिक्षाको आवश्यकतालाई ध्यान दिदै विद्यालयहरुलाई आवश्यकता अनुसार कम्प्यूटरको व्यवस्था मिलाउदै लगिनेछ ।
- विद्यालय भर्ना अभियानलाई अनिवाई गरिनेछ ।
- मातृभाषाको शिक्षा संचालन गर्ने विद्यालयहरुलाई आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
- “निस्दी हाम्रो गाउं , नमूना विद्यालय हेर्न जाउं” यस भनाईलाई सार्थक वनाउन एक वडा एक नमूना विद्यालय र गाउंपालिका स्तरमा एक नमूना विद्यालय वनाउनको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।

ख) स्वास्थ्य तथा जनसंख्या सम्वन्धी

- उच्चस्तरीय स्वास्थ्य सेवा प्रदान गर्नको लागी यस क्षेत्रमा विशेषज्ञ सहितको सुविधा सम्पन्न अस्पताल संचालनमा ल्याउन पहल गरिनेछ ।
- किशोर किशोरीहरुको लागि प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामुलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- सुत्केरी हुने महिलाहरुको स्वास्थ्यलाई ध्यान दिदै वडा तथा गाउंपालिका तहमा गुणस्तरिय तथा व्यवस्थित वर्थिङ सेन्टरको क्रमश स्थापना गरिनेछ ।
- सुत्केरी महिलाहरुको पहचानको लागि हरियो झण्डा र अण्डालाई ध्यान दिदै सुत्केरी स्वास्थ्य विमा तथा पोषण कार्यक्रम संचालन गरिनेछ ।
- गाउंपालिका क्षेत्रका १५० अति गरिव परिवार पहिचान गरी उक्त परिवारलाई स्वास्थ्य उपचारमा सहयोग पु-याउन स्वास्थ्य विमा कार्यक्रम लागु गरिनेछ र यस प्रकारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य तथा सरसफाई, लागु पदार्थ दुव्यसनी जस्ता कार्यक्रमलाई ध्यान दिदै वडा तह तथा विद्यालयहरुमा सोही अनुसारका विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।
- प्रतिरोधात्मक, प्रवद्र्घनात्मक,उपचारात्मक र पुनस्थापनात्मक स्वास्थ्य सेवालाई प्राथमिकता दिईनेछ ।
- गर्भवतीहरु चार पटक गर्भ जाँच गर्न जाँदा प्रत्येक पटक एक क्यारेट अण्डा उपहार दिने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- स्वास्थ्य चौकी भवन नभएका ठाउँमा स्वास्थ्य चौकीहरुमा भवन निर्माणको लागि आवश्यक पहल गरिनेछ ।
- स्वास्थ्य संस्था मार्फत वाल विवाह न्यूनिकरणको लागि वस्ति, वडा तथा गाउं तहमा चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- आकस्मित स्वास्थ्य सेवाको लागि गाउंपालिका तहमा एम्वुलेन्स सेवा संचालनको लागि विभिन्न निकाय संग पहल गरिनेछ ।
- आयुर्वेदिक सेवालाई विस्तार गर्दै यसको महत्व वारे चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- विभिन्न सर्ने, नसर्ने रोगहरु, एच.आई.भि. एड्स नियन्त्रण, आखा शिविर, महिलाहरुको आंङ खस्ने समस्या, पाठेघरको मुखको क्यान्सर परिक्षण जस्ता समस्यालाई  प्राथमिकताका साथ अगाडी वढाइनेछ ।
- महिला स्वास्थ्य स्वयं सेविकालाई सम्मान स्वरुप थप प्रोत्साहन गरिने छ ।
- स्वास्थ्य क्षेत्रमा नपुग जनशक्ति आपुर्तीमा जोड दिईने छ ।
- गाउंपालिका भित्र उपयुक्त स्थानमा १५ शैयाको अस्पताल निर्माणको लागि केन्द्र सरकार तथा प्रदेश सरकार संग आवश्यक समन्वय गरिनेछ ।
- स्वास्थ्य सम्वन्धि विभिन्न दिवस, समारोह, सप्ताह मनाइनेछ ।

- स्वास्थ्य संस्थाहरुको गुणस्तरिय सेवाको मूल्यांकनको लागि स्वास्थ्य संस्थाको सामाजिक परिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

ग) महिला तथा बालबालिका सम्वन्धि

- महिलाहरुको सिप विकास,क्षमता विकास, आय आर्जन तथा शशक्तिकरणमा जोड दिदै लैगिक हिंसाको लागि शुन्य सहनशिलतालाई अवलम्वन गर्दै लैगिक हिसां शुन्य गाउँपालिका बनाउने निति अवलम्वन गरिनेछ ।
- विवाहमा दाइजो दिने पद्धतीलाई निरुत्साहित गर्ने निति लिईने छ ।
- महिलाहरुको क्षमता विकासको लागि कानुनी सचेतना, मुलुकी ऐन, लैगिक समानता तथा सामाजिक समावेशीकरण, महिला पुरुष समविकास,नेतृत्व विकास, स्थानीय शासन संचालन ऐन, नेपालको संविधान २०७२ लगाएतका विषयमा गाउंपालिका तह तथा वडा तहमा क्रमश तालिम प्रदान गरिने छ ।
- "विकास निर्माणमा महिला, इमान्दारीता र पारदर्शितामा पहिला"भन्ने भावनाको साथ प्रत्येक योजनाको कार्यान्वयनमा महिला सहभागिता न्यूनतम ५०% पु-याइने छ ।
- महिलाहरुको आय आर्जनको लागि विभिन्न सिपमुलक तथा आयमुलक तालिम कार्यक्रमहरु गाउंपालिका तथा वडा तह सम्म संचालन गरिनेछ ।
- एकल महिलाहरुलाई एकल महिला समूह मार्फत आयमुलक विभिन्न कार्यक्रम संचालन गरी आत्मनिर्भरता तर्फ उन्मूख गरिनेछ ।
- असमान ज्यालालाई हटाउदै "समान कामको लागि समान ज्याला"को नीति अवलम्वन गरिनेछ ।
- "वालवालिकामा लगानी, खेरा जांदैन है कत्तिपनि" भन्ने भनाई संगै वालवालिकाहरुको सरोकारको विषयमा केन्द्रित हुंदै निस्दी गाउंपालिकाले वालमैत्री स्थानीय शासनलाई अवलम्वन गर्दै सोही अनुसार वजेट विनियोजन गरि वडा देखि गाउंपालिका तह सम्म सामाजिक परिचालनको माध्यम द्धारा कार्यक्रम संचालन गरिनेछ ।
- वालवालिकाहरुको क्षमता विकास गर्दै योजना तर्जुमा प्रकृयामा सहभागि गराउनको लागि वडा वालभेला तथा गाउं वालभेलाको आयोजना गरिनेछ ।
- वाल क्लवहरुलाई पुनरगठन गरी वाल वालिकाहरुको क्षमता विकासमा जोड दिइनेछ ।
- निस्दी गाउंपालिकाका वालवालिकाहरुको स्थितीपत्र तयार गरि प्रकाशन गरिनेछ ।
- सवै वडा तथा वस्ति स्तरमा बालबालिकाको जन्म दर्ता अभियान संचालन गरिनेछ ।
- यस गाउंपालिकालाई बालविवाह र बहुविवाह मुक्त गाउँ बनाउनको लागि चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ । साथै वाल विवाह गर्ने र गराउने परिवारलाई गाउंपालिकावाट कुनै पनि सेवा उपलव्ध गराइने छैन ।

- महिला तथा वालवालिका सरोकारका विभिन्न दिवस, समारोह तथा अभियान(१६ दिने महिला हिंसा विरुद्धको अभियान, नारी दिवस, नेपाली संस्कृति जोगाउन हरितालिका तिज )जस्ता कार्यक्रम गाउंपालिकाको पहमा मनाइनेछ ।
- महिला तथा वालवालिका लक्षित तर्फ वढी जोड दिई सोही अनुसार वजेट विनियोजन गरिनेछ ।
- द्धन्द पिडित, शहिद परिवार, आर्थिक सामाजिक रुपले पछाडीपरेको वर्ग तथा समुदायको हितकोलागि लक्षित कार्यक्रम लगाएत शिपमुलक,आय मुलक र रोजगारी मुलक कार्यक्रम संचालनमा जोड दिईने छ ।
- गाउँ महिला समन्वय समिति, गाउं वालवालिका समन्वय समिति गठन गरी सोही समिति मार्फत कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

घ) फरक क्षमता(अपांगता) तर्फ

- फरक क्षमता (अपांगता) भएका ब्यक्तिहरुलाई सेवा प्राप्तीमा सहज पहुँचका लागि गाउँपालिकाका,वडा कार्यालय तथा अन्य सरकारी कार्यालयहरुलाई क्रमश अपाङ्गमैत्री वनाउँदै लगिनेछ ।
- विभिन्न कारण अपांग भएका व्यक्तिहरुको अपांगताको पहिचान गर्दै अपाङ्ग मैत्री कार्यक्रमहरुको सञ्चालनमा जोड दिइनेछ ।
- अपागंता भएका व्यक्तिहरुलाई अपांगताको वर्गिकरण अनुसार गाउंपालिकाको तर्फवाट थप राहत वितरणका कार्यक्रमहरु लागु गरिनेछ ।
- विद्यालयमा अध्ययन गर्न चाहने विद्यालय उमेरका फरक क्षमता भएका (दृष्टि विहीन, वौद्धिक अपांग,सुस्त श्रवण र सुस्त मनस्थिती) वाल वालिकाहरुलाई गाउंपालिकाको सहयोग अन्य विभिन्न निकाय संगको सहयोग र समन्वयमा अध्ययनको अवसर प्रदान गर्ने पहल गरिनेछ ।
- फरक क्षमता(अपांगता)को लागि लक्षित कार्यक्रम गाउँपालिका तथा वडातहबाट संचालन गरिने छ ।
- निस्दी गाउंपालिकाका अपांगहरुलाई लक्षित गरी गाउंपालिका मा नै अपांग परिचय पत्र वितरणको लागि जिल्ला स्थित निकायहरु संग आवश्यक समन्वय गरीनेछ ।
- गाउँ अपांग समन्वय समिति गठन गरी सोही समिति मार्फत फरक क्षमताका कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाइनेछ ।

ङ) लक्षित(आदिवासी जनजाती, दलित,सिमान्तकृत, अल्पसंख्यक) वर्ग

- लक्षित वर्गहरुको सिप,क्षमता विकास तथा आय आर्जनको लागि विभिन्न सिप, क्षमता तथा आयमुलक तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।

- लक्षित वर्ग अन्तर्गतका वर्गहरुको परंम्पारगत पेशालाई समयानुकुल परिवर्तन गर्दै पेशागत सुधारको लागि आवश्यकता अनुसार विभिन्न प्रविधिहरु उपलव्ध गराई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- विद्यालयमा अध्ययन गर्ने जेहेन्दार लक्षित वर्ग अन्तर्गतका वालवालिकाहरुलाई अध्ययन कार्यमा सहयोग पु-याउनको लागि आवश्यकता अनुसार अध्ययन सहयोग सामाग्रीहरु वितरण गरिनेछ । त्यसैगरी उच्च शिक्षामा अध्ययन गर्ने जेहेन्दार विद्यार्थीहरुलाई गाउंपालिकाको तर्पmवाट अध्ययन कार्यमा निरन्तरताको लागि थप प्रोत्साहन स्वरुप सहयोगको नीति लिइनेछ ।
- उच्च शिक्षा अध्ययन गरिरहेका विद्यार्थीहरुलाई लक्षित गरी लोकसेवा तर्फ प्रेरित गर्न लोकसेवा आयोगको तैयारी कक्षाहरु संचालन गरिनेछ ।
- गाउँपालिकावाट विनियोजन हुने लक्षित वर्गको वजेटलाई व्यवस्थित गरी कार्यान्वयन गर्नको लागि निर्देशिका तथा कार्यविधी तयार गरी सोही आधारमा लक्षित वर्गको कार्यक्रम कार्यान्वयन गरिनेछ ।

च) युवा वर्गः

- युवा वर्गमा भएको सिप तथा क्षमताको पहिचान गरि “गाउं विकासको लागि युवा अभियान”कार्यक्रम संचालन गरि युवाहरुलाई विकास निर्माण कार्यमा परिचालित गरिनेछ ।
- खेलकुंदमा युवाहरुको वढ्दो आकर्षण भएको हुंदा युवाहरुको माग वमोजिम गाउंपालिका स्तरिय विभिन्न खेलकुंदका कार्यक्रमहरु आयोजना गरिनेछ ।
- गाउँपालिका स्तरिय युवा समन्वय समिति मार्फत युवा भेला गरि विभिन्न विकास निर्माण तथा सामाजिक अभियानका लागि शिविरहरु संचालन गरिनेछ ।
- “वेरोजगार युवाको लागि रोजगार, निस्दी विकासको आधार” लाई ध्यान दिदै युवाहरुलाई विदेश पलायन हुनवाट रोक्नको लागि युवा लक्षित आर्थिक विकासका विभिन्न कार्यक्रमहरु संचालन गरी युवाहरुलाई स्वारोजगार हुन प्रेरित गरिनेछ । यस किसिमको कार्यक्रमवाट निस्दी गाउंपालिकाका करिव ७० जना युवाहरुलाई स्वरोजगार हुन प्रेरित गरिनेछ ।
- युवावर्गहरुलाई दुव्यसन तर्फ लाग्न नदिनको लागि युवा लक्षित चेतनामुलक कार्यक्रममा जोड दिईने छ ।
- एक वडा एक खेलमैदानलाई वडाको संभाव्यताको आधारमा कार्यान्वयन गर्दै लगिनेछ ।
- गाउँपालिका स्तरिय खेलमैदानलाई उच्च स्तरिय खेलमैदानको रुपमा परिणत गरिनेछ ।
- गाउँपालिका स्तरीय अध्यक्ष कप भलिवल प्रतियोगितालाई निरन्तरता दिदै अन्य उपयुक्त खेलहरु संचालनको लागि प्रोत्साहन गरिनेछ ।
- विद्यालय स्तरिय उपाध्यक्ष कप विविध खेल प्रतियोगितालाई प्रवद्र्धन गरिनेछ ।
- निस्दी गाउँ युवा समन्वय समिति गठन गरी सोही समिति मार्फत युवा सम्वन्धि विभिन्न कार्यक्रमहरु संचालन गरिनेछ ।

छ) जेष्ठ नागरिकः

- “जेष्ठ नागरिक निस्दीका पेवा, घर घरमा जनप्रतिनिधी र कर्मचारीको सेवा” लाई ध्यान दिदै सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमलाई घरदैलो सम्म पु्ु¥याउने व्यवस्था मिलाइनेछ ।
- अथाह अनुभवका धनी जेष्ठ नागरिकहरुको अनुभवलाई सम्मान गर्दै जेष्ठ नागरिकहरुको अनुभव, भोगाई र सिकाईहरुलाई सामाजिक विकासको क्षेत्रमा लगाइनेछ ।
- गाउँपालिकाको आयोजनामा ७५ वर्ष माथिका जेष्ठ नागरिकहरुको सम्मान कार्यक्रम गरिनेछ ।
- निस्दी गाउंपालिकाका जेष्ठ नागरिकहरु प्रति सम्मान प्रकट गर्दै “निस्दी जेष्ठ नागरिक समाज” गठन गरि समय समयमा विचार तथा अनुभवहरुको आदान प्रदान गरिनेछ ।
- जेष्ठ नागरिकको सम्मानको लागि गाउंपालिकाको तर्फवाट कम्तिमा वर्षको दुई पटक स्वास्थ्य परिक्षणको व्यवस्था मिलाइनेछ ।

ज) खानेपानी तथा सरसफाईतर्फः

- नेपाल सरकारको नीति अनुसार नयां निर्माण हुने तथा पुन मर्मत हुने खानेपानी योजनामा “एक घर एक धारा” को नीतिलाई अवलम्वन गरिनेछ ।
- “निस्दीको पहिचान ,पूर्ण सरसफाई हाम्रो अभियान”लाई सार्थक तुल्याउनको लागि खानेपानी संगै सरफाई तथा पूर्ण सरसफाईका कृयाकलापहरु हरेक वडामा संचालन गरिनेछ ।
- निस्दी गाउंपालिका वडा नं १, ३, ४ र ५ मा संचालित “पूर्ण सरसफाई तथा स्वच्छता कार्यक्रम”लाइ निरन्तरता दिदै अन्य वडाहरुमा समेत उक्त कार्यक्रमलाई विस्तार गरी वास सामाजिक परिचालकहरुको माध्यम द्धारा कार्यक्रम संचालन गरिनेछ ।
- खानेपानी आयोजनाहरुको दीगोपनाको लागि सम्वन्धित उपभोक्ताहरुलाई मर्मतसंभार तालिम संचालन गरि योजनाहरुलाई दिगो र टिकाउ वनाउन जोड दिइनेछ ।
- निर्माण भइसकेका तथा नयां निर्माण हुने खानेपानी योजनालाई दिगो वनाउनको लागि मर्मत संभार कोष स्थापनालाई अनिवार्य गरिनेछ ।
- गाउँपालिकाका वजार उन्मुख क्षेत्रहरुको पहिचान गरी सार्वजनिक शौचालयको निर्माण कार्यलाई निरन्तरता दिइनेछ ।
- खानेपानी तथा सरसफाईका कार्यक्रमहरु संचालन गर्नको लागि विभिन्न सरोकारवाला निकायहरुसंग सहयोग र समन्वय स्थापित गरिनेछ ।

झ) न्यायिक समितिको क्षमता विकासः

- न्यायिक समितिको पदाधिकारीहरुको क्षमता विकासको लागि समयानुकुल र विषयानुकुल क्षमता विकासको लागि तालिम कार्यक्रमहरु संचालन गरिनेछ ।
- वडा तहमा मेलमिलाप केन्द्र गठन गरि वडावाट आउने विवादहरु सोही केन्द्र मार्फत निवारण गरीनेछ ।
- मेलमिलाप केन्द्रका पदाधिकारीहरुको क्षमता विकासलाई ध्यान दिइनेछ ।

३. वातावरण संरक्षण तथा विपद व्यवस्थापनः

- वातावरण संरक्षणको लागि गाउंपालिका क्षेत्रमा खाली रहेका सार्वजनिक जग्गाहरुमा वृक्षारोपण गरि हरियाली प्रवद्र्धन गरिनेछ ।
- वातावरण संरक्षण तथा हरियाली प्रवद्र्धनको लागि गाउंपालिकाले वनको नर्सरी स्थापना गर्न जिल्ला वन कार्यालय तथा इलाका वन कार्यालय संग आवश्यक समन्वय गर्नेछ ।
- वन तथा वातावरण सम्वन्धि कार्यक्रमहरु संचालन गर्दा जैविक विविधता संरक्षण, जलवायु परिवर्तन अनुकुलन तथा गरिव तथा विपन्न वर्गको जिविकोपार्जनमा मद्धत पु¥याउने खालका कार्यक्रमहरुलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- प्रकृति प्रकोपवाट हुने जोखिमयुक्त बस्ती तथा ठाँउहरुको पहिचान गरि उचित तटबन्धन र वृक्षरोपण गरिनेछ ।
- वातावरण मैत्री स्थानीय शासनका सुचकहरु अवलम्वन गर्दै वातावरण मैत्री गाउंपालिका घोषणाको लागि विभिन्न कार्यक्रमहरु संचालनमा ल्याएनेछ ।
- वजार क्षेत्रवाट उत्पादन हुने फोहोर मैला व्यवस्थापनको लागि हरेक वडा तथा टोल टोलमा वडा फोहरमैला व्यवस्थापन समिति गठन गरी सोही समिति मार्फत फोहरमैला व्यवस्थापनलाई निरन्तरता दिइनेछ । साथै फोहरमैलाको दीर्घकालिन समाधान तथा व्यवस्थापनको लागि जग्गाको खोजी कार्यमा जोड दिईने छ ।
- विपद व्यवस्थापन तथा जलवायु परिवर्तन सम्बन्धी सचेतनामुलक कार्यक्रमहरु वडागत रुपमा संचालन गरिनेछ ।
- वातावरण मैत्री गाउँपालिका वनाउनको लागि वातावरणमैत्री स्थानीय शासन २०७० को सुचक अनुसार कार्यक्रम अवलम्वन गरिनेछ ।
- गाउँपालिकामा विपद् व्यवस्थापन कोष स्थापना गरि आवश्यक वजेट विनियोजन गरिने छ । साथै सो कोषको रकम परिचालन गर्नको लागि कार्यविधी तयार गरी प्रकृति प्रकोप, विपद् व्यवस्थापन, उद्धार जस्ता कार्यमा न्यायोचित तरिकाले खर्च गरिनेछ ।

- विपद व्यवस्थापनको कार्यहरु संचालनको लागि वातावरण तथा विपद् व्यवस्थापन समितिलाई जिम्मेवार वनाइनेछ ।
- खोला किनारवाट अनधिकृत रुपमा ढुंगा, गिट्टी तथा वालुवा निकासी गरी प्रयोग हुंदै आएकोमा उक्त कार्यलाई पूर्णत रोक लगाई वैधानिक रुपमा निकासीको व्यवस्था मिलाइने छ ।
- जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन कार्यालय तथा जिल्ला भू संरक्षण कार्यालय संगको सहयोगमा निस्दी खोला र आरुङखोला नियन्त्रणको लागि तारजालीको व्यवस्था मिलाईने छ ।

४. पूर्वाधार विकास

क) सडक निर्माण तर्फः

- गाउंपालिकाको केन्द्र रहेको स्थान सम्म वाह्रै महिना सवारी साधन संचालनको लागि वेलडाडा मित्याल मोटरवाटोलाई कालोपत्रे गर्नको लागि प्रदेश सरकार संग आवश्यक समन्वय र सहकार्य गरिनेछ ।
- अन्तर प्रदेश जोड्ने मोटरवाटोलाई स्तरोन्नती गर्दै कालोपत्रे तर्फ उन्मुख गरिनेछ ।
- निस्दी गाउंपालिका वडा नं १ वाकामलाङ देखि वडा नं ७ ज्यामिरे सम्मको सडकलाई "केम खाम्चा मार्ग" नामाकरण गर्न प्रस्ताव पेश गरेको छु । साथै उक्त सडकलाई गाउंपालिका स्तरिय सडकको रुपमा विकास गर्नको लागि गाउंपालिका र प्रदेश सरकारको संयुक्त लगानीमा स्तरोन्नती गर्नको लागि वजेटको व्यवस्था गरिनेछ ।
- सिलुवा अर्चले मित्याल मोटरवाटोको स्तरोन्न्तीको लागि प्रदेश सरकार तथा केन्द्र सरकार संग आवश्यक पहल गरिनेछ ।
- गाउँपालिकाको केन्द्र देखी सवैवार्डहरुलाई जोड्ने मोटरवाटोलाई बाह्रै महिना सवारी सवारी संचालनको लागि मोटरवाटोको स्तरोन्नती गरीनेछ ।
- मोटरवाटोको नयां ट्राक खोल्नु भन्दा भइरहेका मोटरवाटोको स्तरोन्नतीमा जोड दिने छ ।
- निर्माण भएका मोटरवाटोहरुमा निर्वाध रुपमा सवारी साधन संचालन तथा सडकको नियमित मर्मत संभारको लागि सडक मर्मत संभारकर्ताहरु परिचालन गरिने छ । यसवाट करिव ५० घर परिवारले रोजगार पाउनेछ ।
- गाउँपालिकामा भएका सडक क्षेत्रका छेउ किनाराहरुमा अनावश्यक संरचना निर्माण हुने र उक्त संरचनाको कारण सडक दुर्घटना वढ्ने अवस्थालाई मध्यनजर गर्दै तथा सडकको राष्ट्रिय मापदण्डलाई आधार मान्दै गाउंपालिकाले सडक मापदण्ड तयार गरी आ.व ०७५।०७६ देखि सडकको मध्य भागवाट दायां ७ मिटर र वांया ७ मिटर क्षेत्रमा कुनै पनि संरचना निर्माण नगर्नको लागि सडक मापदण्ड तयार गरी लागु गर्नेछ ।
- आवश्यकताको आधारमा मोटरेवल पुल निर्माणको लागि प्रदेश तथा केन्द्र सरकारको सहयोग लिईनेछ ।

- निर्माण भएका मोटरवाटोलाई कालोपत्रे गरी स्तरोन्नती गर्नको लागि प्रदेश तथा केन्द्र सरकार संग आवश्यक सहयोग लिइनेछ ।
- “निर्माण भएका सडक टिकाउं, हरीयाली वढाऔं” भन्दै निर्माण भएका सडकहरुलाइ दिगो वनाउनको लागि सडकको छेउमा वृक्षरोपण गरी हरियाली प्रवद्र्धन गरिनेछ जस्वाट सडकहरु टिकाउ हुनेछन् ।
- निर्माण कार्यमा ठूला मेशिनको अत्याधिक प्रयोग हुंदा भू क्षय तथा पहिरो धेरै जानाले निर्माण भएको मोटरवाटोलाई स्थायित्व दिन धेरै गाह्रो गरेको हुंदा ठूला मेशिनको साटो मानव श्रम प्रयोगलाई उच्च प्राथमिकता दिइनेछ । यसवाट गाउं तहमा नै रोजगारीको अवसर श्रृजना हुनेछ ।
- निर्माण कार्यमा ठूला मेशिनको प्रयोगलाई व्यवस्थित गर्नको लागि गाउंपालिकामा दर्ता गर्नुपर्ने र सोही अनुसार गाउंपालिकाको समन्वयमा दर्ता भएका ठूला मेशिन मात्र परिचालन गर्ने नीति लिइनेछ ।

ख) विद्युत तथा संचार तर्फः

- “विकासको आधार विद्युत र संचार” यस भनाईलाई सार्थक वनाउनको लागि गाउंपालिकाले नेपाल विद्युत प्राधिकरण तथा दुरसंचार प्राधिकरण संग समन्वय गरी विद्यतिकरण तथा दुर संचारको नेटवर्क सवल पर्ने कार्यमा आवश्यक समन्वय गर्नेछ ।
- हावावाट पनि विद्युत उत्पादन गर्न सकिने हुंदा हाल १२०० वाट उत्पादन हुंदै आएको वायु उर्जालाई वढाएर २५ किलोवाट वनाउने कार्यमा गाउंपालिकाले समेत लगानी गर्दै वायु उर्जावाट उत्पादित विद्युत वडा नं ४ भित्र वितरण गरी “हाम्रो मित्याल उज्यालो मित्याल” वनाइने छ ।
- वैकल्पिक उर्जा प्रवद्र्धन केन्द्र संगको सहयोग र समन्वयमा वायु उर्जा उत्पादनको लागि गाउंपालिका क्षेत्रका अन्य उपयुक्त स्थानहरुको पहिचान गरिनेछ ।
- “टुकि रहित गाउंपालिका” वनाउनको लागि टुकिको प्रयोग गर्ने परिवार पहिचान गरी सोलार वत्तिको व्यवस्था मिलाइनेछ ।
- यस गाउंपालिका क्षेत्रवाट वग्ने दुई ठूला खोलाहरु (निस्दी र आरुङखोला)मा विद्युत उत्पादनको संभावनालाई ध्यान दिदै संभाव्यता अध्ययनको लागि विभिन्न निकाय संग आवश्यक समन्वय गरिनेछ ।

ग) सिंचाई तर्फः

- स्थानीय आवश्यकताको आधारमा सिंचाईको सुविधावाट वन्चित रहेको फांटहरुमा सिंचाईको व्यवस्था मिलाई उत्पादनमा थप वृद्धि गरिनेछ ।

- भईरहेका सिंचाई प्रर्णालीको मर्मत तथा सुधार गर्दै श्रोतको उपलव्धता र आवश्यकताको आधारमा सिंचाईको थप व्यवस्था गरी उत्पादकत्वमा वृद्धि गरिनेछ ।
- मझौला र ठुला सिंचाई योजनाको लागि सिंचाई डिभिजन कार्यालय, प्रदेश सरकार र केन्द्र सरकार संग अनुरोध गरिने छ ।

घ) पूर्वाधार निर्माणः

- गाउँपालिकाको आफ्नै प्रशासनिक भवन नहुंदा सेवाग्राहीहरुलाई गुणस्तरिय सेवा दिन गाह्रो परेको अवस्थालाई मध्यनजर गर्दै गाउंपालिकाको सुविधा सम्पन्न भवन निर्माणको लागि जग्गाको व्यवस्था गर्दै केन्द्र सरकार समक्ष आवश्यक रकमको लागि अनुरोध गरिनेछ ।
- गाउँपालिकाका वडा भवनहरु जिर्ण भएको हुदां उक्त जिर्ण भवनहरु पुन निर्माणको लागि जिल्ला स्थित विभिन्न निकाय, प्रदेश सरकार तथा केन्द्र सरकार संग आवश्यक पहल गरिनेछ ।
- निस्दी गाउंपालिकाका विभिन्न खोलाहरुमा पक्की पुल तथा झोलुंगे पुलको आवश्यकतालाई ध्यान दिदै निर्माणको लागि विभिन्न निकाय संग समन्वय गरिनेछ ।
- वढ्दै गएको वजारिकरणलाई ध्यान दिदै नयां निर्माण गरिने भवनहरुमा भवन निर्माण आचारसंहिता मापण्ड लागु गरिनेछ ।

ङ) सूचना तथा संचार तर्फः

- निस्दी गाउँपालिकामा दुरसंचार को प्रभावकारी सेवा नहुंदा ज्यादै नै समस्या परेको हुंदा अत्याधुनिक प्रविधि सहितको दुर संचार टावर निर्माणको लागि केन्द्र सरकार संग आवश्यक सहयोग र समन्वय गरिनेछ ।
- वडा कार्यालयहरुमा इन्टरनेटको सुविधा थप गर्नको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।
- गाउंपालिकाका विकास निर्माणका हरेक गतिविधीहरुलाई आम जनसमुदाय समक्ष पु-याउन सामुदायिक रेडियो मार्फत "निस्दी विकास शन्देश" नामको कार्यक्रम संचालनको लागि पहल गरिनेछ ।
- पत्रकारीता,संचारजगत संग विकास र सुशासनमा सहकार्य गरिने छ ।
- सामाजिक संजाल तथा आफ्नै वेभ साइड मा गाउंपालिकाका सुचनाहरुको प्रवाह गरिने छ ।

५. संस्थागत विकास तथा सेवा प्रवाहः

- "सुस्पष्ट नीति र सरल कार्य पद्धती, सक्षम र असल नेतृत्व निस्दीको सम्पत्ति" यस भनाई संगै गाउंपालिकाको दैनिक प्रशासनिक कार्य संचालन गर्नको लागि आवश्यक पर्ने लेखा, पञ्जिकरण, एकिकृत सम्पती कर, योजना लगाएत सवै प्रकारका सफ्टवेर खरिद गरी दैनिक प्रशासनिक कार्यलाई सरलिकृत गरी सेवाग्राहीहरुलाई चुस्त सेवा दिईने छ ।
- गाउंपालिकामा कार्यरत पदाधिकारी तथा कर्मचारीहरुको सेवामा चुस्तता र क्षमता विकासको लागि कर्मचारीको कार्य प्रकृती, आवश्यकता र समयानुकुलका विभिन्न तालिमहरुमा सहभागि गराउने तथा तालिमको लागि पठाउने व्यवस्था मिलाइने छ ।
- एक स्थानीय तहले अर्को स्थानीय तहमा भए गरेका उत्कृष्ट कार्यहरुको अध्ययन तथा अवलोकन गरी गाउंपालिकामा राम्रा तथा उत्कृष्ठ कार्यहरु लागु गर्नको लागि गाउंपालिकाका पदाधिकारी तथा कर्मचारीको लागि अध्ययन तथा अवलोकन भ्रमण कार्यक्रम आयोजना गरिनेछ ।
- गाउपालिका भित्रका सवै वडाहरुका भुकम्प प्रतिरोधी घर निर्माणको लागि दक्ष जनशक्तिहरु तयार भएको हुंदा उक्त जनशक्तिलाई आवश्यक पर्ने सिप विकासको लागि थप तालिमको व्यवस्था गरीने छ ।
- निस्दी गाउंपालिका भित्र हुने विकास गतिविधीहरुमा आवश्यक राय तथा परामर्शको लागि एक बुद्धिजिवी परिषद गठन गरिनेछ ।
- निस्दी गाउंपालिकालाई आर्थिक तथा सामाजिक क्षेत्रमा समृद्ध वनाउनको लागि (गरिवी निवारण, जातिय छुवाछुत मुक्त, वालमैत्री, वाल विवाह रहित आदि जस्ता) विभिन्न कार्यक्रमहरु संचालनमा ल्याइनेछ ।
- गाउँपालिकालाई मादक पदार्थ मुक्त क्षेत्र वनाउन चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- निस्दी गाउँपालिकाको ५ वर्षे आवधिक गाउं विकास योजना निर्माणको लागि आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- सरकारी तथा गैर सरकारी संस्थाहरु संग सहकार्य गर्दै सामाजिक तथा आर्थिक विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका भित्र संचालित विभिन्न विकास योजना तथा कार्यक्रमहरुको नियमित अनुगमन गरिने छ ।
- निस्दी गाउँपालिकामा राम्रो कार्यसम्पादन गर्ने कर्मचारी र उत्कृष्ठ शिक्षक÷शिक्षिकालाई पुरस्कृत गरिनेछ ।

६. वित्तिय व्यवस्थापन र सुशासन

क). राजश्व परिचालन तर्फः

- "कर तिर्नु हाम्रो अनिवार्य दायित्व हो" भन्ने धारणाको विकास गर्न समुदाय तथा वडा तह सम्म कर सम्वन्धि चेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

- एकिकृत सम्पत्ति कर मार्फत प्रगतिशिल कर प्रर्णालीको विकास गरिनेछ । यसवाट कर प्रर्णालीमा एक रुपता आउनेछ ।
- राजश्व संकलन कार्यलाई प्रभावकारी र पारदर्शि वनाउनको लागि सफ्टवेरको विकास गरी लागु गरिनेछ ।
- संकलित कर तथा सवै आर्थिक कारोवारको गाउंपालिका तह सम्म पहुंच पु-याउनको लागि अन्य वैंकहरुको पनि शाखा विस्तारको लागि पहल गरिनेछ ।
- कर तिर्नु असल नागरिकको कर्तव्य भएको हुंदा समयमा कर नतिर्नेलाई थप जरिवाना गरिने छ ।
- भईरहेका श्रोतहरुको दिगो परिचालन गर्दै गाउंपालिकाको आन्तरिक श्रोतमा थप वृद्धिको लागि राजश्वका थप क्षेत्रहरुको खोजी गरि लागु गरिनेछ ।
- राजश्व परिचालनलाई प्रभावकारी वनाउन राजश्व शाखाको व्यवस्था गरि संस्थागत सुदृढिकरणका लागि आवश्यक श्रोत साधनको प्रवन्ध मिलाइनेछ ।
- निस्दी गाउँपालिकाको चुनढुंगा खानीवाट संचालित ह्वाङ्गसी शिवम कम्पनीसंग करका क्षेत्रहरु वारे आवश्यक छलफल गरी थप राजश्व संकलनको प्रयास गरिनेछ ।

ख). वित्तिय अनुशासन र सुशासन तर्फः

- गाउँपालिकालाई दिर्घकालिन आर्थिकभार तथा दायित्व वृद्धि हुनेगरि कुनैपनि निर्णयहरु गरिने छैन ।
- आर्थिक ऐन र खरिद ऐनको पूर्ण अधिनमा रहि उपभोक्ता समिति मार्फत हुन सक्ने कार्यहरु सोही मार्फत र नसक्ने ठूला कार्यहरु टेण्डर मार्फत गर्ने नीति लिइनेछ ।
- बेरुजु तथा पेश्की लाई निरुत्साहित गरि आर्थिक पारदर्शिता कायम गर्न काम सम्पन्न भएको आधारमा मात्र भुक्तानी दिने गरि पेश्की नियन्त्रण गरिने छ ।
- योजना संचालन गर्दा उपभोक्तको तर्फवाट व्यहोर्न पर्ने जनसहभागिताको रकम उठ्न गाह्रो भएको समेत अवस्थालाई ध्यान दिदै जनसहभागिता तथा जनश्रमदान मार्फत जुटाउनु पर्ने १५% रकमलाई कम गरी आगामी आर्थिक वर्ष ०७५।०७६ देखि लागु हुनेगरी जनसहभागिता तथा श्रमदान तर्फको उपभोक्ताले उठाउनु पर्ने रकम १०% कायम गरिनेछ ।
- कुनै पनि योजना संचालन गर्नु पूर्व योजनाको कुल लागत मध्ये उपभोक्ताको तर्फवाट जनश्रमदान तथा जनसहभागिता वापत व्यहोर्ने १०% ले हुन आउने रकम सम्वन्धित उपभोक्ताले उपभोक्ता समितिको वैंक खातामा जम्मा गरी सो को वैंक भौचर योजना संम्झौता गर्दा गाउंपालिकामा पेश गरे पश्चात मात्र योजनाको सम्झौता गर्ने नीति अपनाई योजना संचालनलाई व्यवस्थित गरिने छ ।
- निस्दी गाउँपालिकाको विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा आकम्मित खर्च(कन्टेन्जेन्सी खर्च) वापत कटिदै आएको ४% रकम लाई घटाएर आ.व ०७५।०७६ देखि ३% गराइनेछ ।

- कुनै पनि योजनाको जिवन्त तत्व उपभोक्ता समिति भएको हुंदा उपभोक्ता समितिको क्षमता विकासको लागि वडा वडामा उपभोक्ता समितिको क्षमता विकासको लागि तालिम कार्यक्रम संचालन गरिनेछ ।
- ३ लाख भन्दा माथिका योजनामा अनिवार्य रुपमा होडिङ्ग वोर्ड राख्न लगाइने छ ।
- साविकका गाउँ विकास समितिको नाममा रहेको पेश्की वेरुजुलाई फस्र्यौट गर्ने कार्यलाई उच्च प्राथमिकता दिइनेछ ।
- लैंगिक उत्तरदायि वजेट निर्माणमा जोड दिईने छ ।
- शुसासन प्रवद्र्धनमा जोडदिन "सिंहदरवारको अधिकार घरघर सम्म" भन्ने सरकारको अवधारणा अनुसार गाउँपालिकामा आउने गुनासोहरुलाई व्यवस्थित गर्नको लागि गुनासो अभिलेख गर्ने, सुझाब सुन्ने, त्यसको रेकर्ड राख्ने तथा गुनासो संबोधन गर्ने प्रणालीको विकास गरिनेछ ।
- सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, नागरिक वडापत्र आदिको माध्यम द्धारा वडा तथा गाउंपालिका तहमा शुसासन प्रवद्र्धनमा जोड दिइनेछ ।
- विकास निर्माणका गतिविधीहरु आम नागरिक संग पु-याउनको लागि संचार माध्यमको प्रभावकारी उपयोग गरिनेछ ।
- निस्दी गाउँपालिकाका विकास निर्माणका गतिविधिहरु आम जनता संग पु-याउन "निस्दी विकास शन्देश" नामको चौमासिक वुलेटीन प्रकाशन गरिनेछ ।
- "संचारको विकास र विकासको लागि संचार" नीतिलाई कार्यान्वयन गरिदै लगिनेछ ।

यस गाउँपालिकाका गौरवका आयोजनाहरु, गाउँपालिकाको स्रोत तथा साधनले धान्न नसक्ने ठूला योजनालाई कार्यान्वयन गर्नको लागि केन्द्र सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवाला निकाय समक्ष पेश गर्ने गरि प्रस्ताव गरेको छु ।

७ श्रद्घेय उपस्थित अध्यक्ष लगाएत सदस्य ज्युहरु,

प्रस्तुत नीति कार्यक्रम तथा वजेटको कार्यान्यनबाट यस गाउँपालिकाको आर्थिक,सामाजिक, भौतिक पूर्वाधारको विकास तथा वातावरण संरक्षण संम्वद्र्धन मार्फत स्थानीय स्तरमा रोजगारीका अवसरमा वृद्धि हुने अपेक्षा गरिएको छ । त्यसैगरी गरिवी निवारण, आय आर्जनको यथोचित वातावरण सृजना भई निस्दी गाउँपालिकाको गरिवी न्यूनिकरणमा प्रत्यक्ष योगदान पुग्नेछ ।

प्रस्तावित बजेट तर्जुमा गर्दा केन्द्रीय निर्देशन तथा बजेट शिलिङ्ग, गाउँपालिकाको प्राथमिकताका क्षेत्रहरु र सहभागितामुलक योजनाहरु तर्जुमा प्रकृयाका विभिन्न चरणहरु पार गर्दै प्राप्त भएका योजनाहरु तथा गाउँपालिका स्तरीय राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, सरकारी तथा गैर सरकारी संघ संस्था एवं

नागरिक समाजका प्रतिनिधी तथा आम जनसमुदायबाट प्राप्त हुन आएका अमुल्य सल्लाह सुझावहरुलाई उपलव्ध साधन, श्रोतको सिमाको परिधी भित्र रही सवैको भावनालाई समेट्ने प्रयास गरीएको छ ।